


# फगत !
# रित्तो मन

## रुबाइहरु

१)
जीवन लिलामको अनौठौ सेमिनारलाई हेरिरहेछु
बैंस डुबेको समयको इनारलाई हेरिरहेछु
हेरेर जिन्दगी बाँच्नु पर्दो रहेछ कहिले काँही
त्यसैले किनार मलाई हेरिरहेछ, म किनारलाई हेरिरहेछु ।

२)
ढिकी ढिकी र जाँतो जाँतो हुन्छ
नशाभित्रको रगत तातो हुन्छ
बरफ, हिउँ, जे ले पुरे पनि
मित्र, आगो भनेको स्वभावैले तातो हुन्छ ।

३)
मुटु रगत स्नायु मेरो मान्छेलाई
सफलता र दिर्घायू मेरो मान्छेलाई
गरीब छु दिन त केही पनि सक्तिन
तर यो सिंगो आयू मेरो मान्छेलाई ।

४)
यो विद्रोह तिर नि सर्दैन
सुरक्षाकर्मीको सम्मान गर्दैन
किन भनेर नसोध मित्र
मलाई बन्दुक मन पर्दैन ।

५)
फूलको मोह झुलले टर्दैन
बिना कारण आसँ झर्दैन
स्वर्गका सबै परीहरु पनि
तिमी जति मलाई मन पर्दैन ।

६)
उभिन नजान्नेले नाँच्न सिकाउँछन्
आफूलाई नचिन्नेले जाँच्न सिकाउँछन्
जीउँदो लाश भएर जो बाँचेका छन् आजसम्म
उनीहरुले नै यहाँ नाँच्न सिकाउँछन् ।

७)
कुरोले संसार धोएर जित्छिन्
मन्दिरको ढुंगा छोएर जित्छिन्
जित्ने आदत बसेछ क्यार
केही नभए रोएर जित्छिन् ।

८)
रीस, घुर्क्याइ मस्ती लेखें
दुइ, चार शब्द अस्ती लेखें
तिम्रो नाममा दिनभर लाएर
यो रुबाइ जर्वजस्ती लेखें

९)
कुनै नाटकीय स्वर थिएन
शासन व्यवहार फोहोर थिएन
सत्य भन्दैछु पाठक बृन्द
एकादेशमा राजा चोर थिएन ।

१०)
फ्रिजको सामान ताजा त बहाना मात्रै हो
खाना खाएपछि खाजा त बहाना मात्रै हो
जनता हुन् देशलाई नभै नहुने भनेका
कलम कसम राजा त बहाना मात्रै हो ।

११)
असम्भव तस्बीरहरु उन्छन् यी आँखा
जहिले तिम्रै सपनामा हुन्छन् यी आँखा
अतित सम्भी हाँस्ने प्रयास गर्दा गर्दै
मलाई नै भुक्याएर रुन्छन् यी आँखा ।

१२)
कोही कष्ट सहेर दुःख पाउँछन्
कोही आफू बाहिर गएर दुःख पाउँछन्
दुःख्नु पनि हरेक तवरले हुँदो रहेछ
कोही धेरै बुझ्ने भएर दुःख पाउँछन् ।

१३)
पराईको गमलामा फुल्ने मान्छे
सपनाको शहर डुल्ने मान्छे
तिमीलाई म कसरी भुलु खैं
ओ, मलाई भुल्ने मान्छे ।

१४)
तर्क गर्दा कोक्याउने सुर्ती भयो भन्छन्
व्यस्त रहदाँ आरिसले फुर्ती भयो भन्छन्
भन्नेहरु भनिरहन्छन् मुख टाल्न सकिँदैन
मौन भई बस्दा पनि मुर्ती भयो भन्छन् ।

१५)
ओरालोसँग रमाउँछन् उकालोसँग डराउँछन्
बेनियम मन पराउँछन् पालोसँग डराउँछन्
सांगलेहरुको जमात नै त्यस्तै हुन्छ
अँध्यारोसँग रमाउँछन् उज्यालोसँग डराउँछन्

१६)
निर्धक्क भै आँगनमा खेल्न अझै बाँकी छ
खुनी साढे भीरमा पुग्यो ठेल्न अझै बाँकी छ
जंगली काँडाको बोट मात्र ढाली सकियो
साथी हो जरा अझै उखेल्न बाँकी छ ।

१७)
बसन्त बहार नियाल्छु
बेसी र टार नियाल्छु
बिन्ति त्यो आँखालाई आँसुले नढाक
जहाँवाट म आफ्नो सुन्दर संसार नियाल्छु

१८)
कहिले केराको बुंगा भएँ
कहिले फुलको थुंगा भएँ
तिम्रो मन्दिर सजाउन
बाध्यताले ढुंगा भएँ

१९)
जिउँदो भगतको कुरा गरौं
नयाँ जगतको कुरा गरौं
अहिले बलिदानी र मुक्ती चाहिएको छ
त्यसैले साहस र रगतको कुरा गरौं ।

२०)
भन्दिन म भर देऊ
भन्दिन म घर देऊ
किन मलाई भुल्यौ तिम्ले
यही एउटा उत्तर देऊ ।

२१)
तिम्ले चिरेको मुटु सिउन बाध्य भएँ
मरेतुल्य भए पनि जीउन बाध्य भएँ
“म छु नि नरुनु” भनेर रुवाई गयौ
त्यही तिम्रो बाचा सम्झी पिउन बाध्य भएँ ।

२२)
सेतो वस्त्रमा कालो चोप लायौ
बिना रोग व्यर्थ खोप लायौ
कसैको साथ पाउँदा यति चाडै भुल्यौ भनि
शंकै, शंकामा आरोप लायौ

२३)
निस्तो हुन दिएनौ, नुन पनि दिएनौ
हाँस्न पनि दिएनौ, रुन पनि दिएनौ
हाम्रो मिलन, साथ सम्भव छैन पनि भन्छौ
आफुवाट पनि मलाई टाढा हुन दिएनौ

२४)
कसैलाई टुट्ने छुट्ने प्यार मिलेकोछ
कसैलाई सौता अनि जार मिलेकोछ
यसअर्थ आफुलाई भाग्यमानी ठान्छु कि
तिमी जस्तो आत्मिय यार मिलेकोछ ।

२५)
नकाट भन्यो छुरा मान्दैन
नवज भन्यो चुरा मान्दैन
आफ्नै मन पनि पराइ भा’ छ अचेलसा
आफैले भनेकै कुरा मान्दैन ।

२६)
सौन्दर्यको रवाफ थियो
मुस्कानको जवाफ थियो
वहार पनि फिक्का लाग्यो
कारण तिम्रो अभाव थियो ।

२७)
कहिले दिउँसै सपना देख्न मन लाग्छ
कहिले जानी-जानी भुलेको कथा लेख्न मन लाग्छ
त्यो काँडा हो त्यसले घोच्छ, त्यो सबै थाहा छ
तर सबै थाहा पाएर पनि टेक्न मन लाग्छ ।

२८)
आँसुले होइन मुस्कानले रुझे पुग्छ
शरिरले होइन मनले पुजे पुग्छ
पागल भनुन या गलत सोचुन दुनियाँले
सिर्फ मलाई मेरो मान्छेले बुझे पुग्छ ।

२९)
यो आँसु बिना उपलब्धी सुक्छ सधै
सिंगो याद तिमी कहाँ पुग्छ सधै
आफ्नो भन्नु नै यही एउटा मन छ
त्यो पनि कदम, कदम मा दुख्छ ।

३०)
पहिला एकछिनले सतायो
अनि भेटेका दिनले सतायो
क्रमश उपहार किन्न काडेथ्ये पैसा
अहिले सयकडा तीनले सतायो

३१)
तिम्रै आँखामा पस्छु भन्छ
सपना हुँदै खस्छु भन्छ
विन्ति संझाएर पठाइ देऊ मनलाई
मलाई छाडेर तिमीसँगै बस्छु भन्छ ।

३२)
तिम्रो आँखाको नानी बन्न सकुँ
मिठो गजलका जवानी बन्न सकुँ
मलाई तिम्रो अँगालोमा यसरी नै बेरी राख
तिम्रो रापले म सधै पानी बन्न सकुँ ।

३३)
अधुरो इच्छा मेटौला सपनामा
गजलको राग रेटौला सपनामा
विपना त व्यस्त भएरै वित्छ
केही छैन प्रिय भेटौला ।

३४)
लजाउँदै निहुरिने तिम्रो भाखालाई सम्हाल
वान्की परेका लेक, बेसी र पाखालाई सम्हाल
मेरो मन मस्तिष्क ध्वस्त बनाउने
ओ विध्वंसकारी तिम्रो त्यो आँखालाई सम्हाल ।

३५)
मनसँग मन ठोकिए हुन्थ्यो
बैंसका मादकता पोखिए हुन्थ्यो
उफ ! विहान सवेरै छुट्नु पर्छ
बरु यो समय यहीं रोकिए हुन्थ्यो ।

३६)
जहाँ आस्था छ त्यहाँ धाम छ
जहाँ चेतना छ त्यहाँ घाम छ
आउँदा जाँदा फेरि भेटौला
अहिलेलाई मेरो सलाम छ ।

ँ३७)
तिम्रो यादले सर्किएर आएकोछु
वियोगका दिनसँग झर्किएर आएकोछु
कसैको प्रवाह नगरी यो उजाड शहरमा
सिर्फ म तिम्रै लागि फर्किएर आएकोछु ।

३८)
आँखाको सागरमा मन निस्कदैं पस्दै हुन्छ
तिमीलाई मोहित पार्न वहाना कस्दै हुन्छ
ओ पण्डित आऊ तिम्रो जिज्ञासा मेटेर जाऊ
तिमीले भनेको स्वर्ग दमक जस्तै हुन्छ ।

३९)
सधैं सुभकामना बन्न सकुँ
निष्चल मनको चाहना बन्न सकुँ
रात जस्तो समस्याको अन्त्य गर्न
घाम झै सम्भावना बन्न सकुँ ।

४०)
गोली झैं हान्छन् बेसरम आँखाहरु
मनै लान्छन् बेसरम आँखाहरु
इज्जतको ख्याल राख्नु पर्छ नि
नबोलाई जान्छन् बेसरम आँखाहरु ।

४१)
कोही कराएर बिग्रें
कोही डराएर बिग्रें
धरोधर्म म भने
तिमीलाई मन पराएर बिग्रें

४२)
दिन, रात, साँझ, विहान बेच्थे बरु
जीवनभर कमाएको ज्ञान बेच्थें बरु
जीवन रित्याई लेखेको यी ‘रुबाइ’ बाहेक
बिके तिम्रो लागि यही ज्यान पनि बेच्थे बरु ।

४३)
प्रभातको शितल-शितल वतास दिन सक्छु
बाँचुञ्जल आत्मिय आभास दिन सक्छु
धर्तीमा त आफ्नो एक पाइला जमिन छैन
तर तिम्लाई जुन, तारा, आकाश दिन सक्छु ।

४४)
हिम्मत लिई अघि बढ तुफान पनि टुक्रिन्छ
जीवनलाई सम्मान गर शैतान पनि टुक्रिन्छ
हिम नदी झैं अबिरल बगि रहनु पर्छ
जतिसुकै कठोरेर कठोरेर पत्थर पनि टुक्रिन्छ ।

४५)
बाचाबाट चुकेकी छौ
सायद एक्लै दुःखेकी छौ
मलाई भुलि ओ निष्ठुरी
भन कहाँ लुकेकी छौ ।

४६)
पछ्यौरीले मुहार नछेके हुन्थ्यो
व्यर्थ रुबाइ नलेखे हुन्थ्यो
आफुलाई सधै भुल्छ यो मन
बरु तिमीलाई नदेखे हुन्थ्यो ।

४७)
गध्य पनि लय भयो
जीवन यात्रा तय भयो
कलम कसम त्यसदिन देखि
जव तिमीसँग परिचय भयो ।

४८)
जोई र पोई उस्तै-उस्तै
बाचा र गोही उस्तै-उस्तै
विपत्तीमा केवल आशा मात्र
इश्वर र निर्मोही उस्तै-उस्तै

४९)
सम्झौतामा लुछिने टिस्टा र महेशपुरको पक्षमा छैन
शक्तीमा उदण्डता मच्चाउने महिशासुरको पक्षमा छैन
म कलमजीवि स्वतन्त्र बिचारको पक्षमा छु
निरंकुशता लाद्ने कुर्न जंगबहादुको पक्षमा छैन ।

५०)
कलम यदी हतियार हो भने म हतियारधारी बन्न तयार छु
आफ्नो शैलीमा बाँच्दा अत्याचार हो भने म अत्याचारी बन्न तयार छु
तिमीले बनाएका पुरातन परिभाषा भत्काउँदा आंतक ठान्छौ भने
सगर्व भन्छु म यो संसारको अन्तिम आतंककारी बन्न तयार छु ।

५१)
जानेले संझी दिए पुग्छ
आउनेले बुझि दिए पुग्छ
थाहा छैन यात्रा कहाँ पुग्छ-पुग्छ
यत्ति थाहा छ हिडे पछि कँही न कँही पुग्छ-पुग्छ

५२)
सस्तो हुन यो आसुँ नबगे हुन्थ्यो
नियतिले यति सारो नठगे हुन्थ्यो
भुलेर जाने ओ निष्ठुरी
आफुसँगै याद पनि लगे हुन्थ्यो ।

५३)
सम्बन्धको देखावटी खोप हो त्यो
नमेटिने यादगार चोप हो त्यो
फटाहा, कातर, पागल, मतुवा को संज्ञा
मेरो प्रेम नपाउनेको आरोप हो त्यो ।

५४)
फोएको मन बाट्न सकेको छैन
निर्मोहीको बचन काट्न सकेको छैन
पटक, पटक ढाट्यो जसले
चिनेर पनि उसलाई ढाट्न सकेको छैन ।

५५)
मायाले नै हिरा बनायो
मायाले नै किरा बनायो
काडाँबाट जोगाएँ मुटु
अफसोस, फूलले चिरा बनायो ।

५६)
तिम्रै लागि रचें गीत गाउ, नगाउ तिम्रो कुरा
तिमी तिर्खा म खोला धाउ, नधाउ तिम्रो कुरा
आफ्नो काम गर्ने हो परिणाम जे सुकै होस
बोलायौ र म आएँ, आउ नआउ तिम्रो कुरा ।

५७)
जीवनको संगीत बजाएको छु
नसम्झनु लजाएको छु
प्रेम भन्दा'नि माथि केही छ
त्यसमा तिमीलाई सजाएको छु ।

५८)
अपुरो बचन छ र पो दुःख्छ
घाइते सही, मन छ र पो दुःख्छ
आफ्नो भन्न मिल्ने केही त रै'छ
त्यही उदासी पन छर पो दुःख्छ ।

......समाप्त........




**बेकामे इन्द्र**
(प्रकाशक)
दमक, झापा

इमेल
subba_keta@yahoo.com


- मलाई आफ्नो गजल प्रति कहिल्यै सन्तुष्टी मिलेको छैन । मन पनि अरू गजलकारहरूको गजल नै बढी पर्छ । राम्रा गजलहरू पढ्दा किन उसको जस्तो लेख्न सकिन भन्ने एक प्रकारको ईर्ष्याले घोच्छ । सायद यही कारणले म आजसम्म पनि गजल सृजन सकिरहेको छु ।

- यो समयमा कसैलाई कसैको महाभारत र रामायण सुन्ने फुर्सद छैन । साइबरयुगमा प्रवेश गरेको यो समयमा गजलभन्दा सरल र सार्थक साहित्यिक उपाय अरू छ जस्तो लाग्दैन मलाई । पाठकहरू अनावश्यक अनुसन्धान गर्न चाहँदैनन्, उनीहरू सिधै बुझ्न चाहन्छन् । शब्दको अक्कर होइन भावनाको सागर तर्न चाहन्छन् ।

- मिठो सृजना गर्ने तर व्यवहार भने फोहोरी बाँच्ने, घर परिवार र समाजप्रति उत्तरदायी नबन्ने स्रष्टाहरू अब यो देशलाई चाहिँदैन । व्यवहार पनि सृजना जस्तै सुन्दर बाँच्नु पर्दछ । कामजस्तै कुरा र कुरा जस्तै कामको आवश्यकता छ अब ।




angdembe_333@yahoo.com


## प्रकाशित कृतिहरू

- आजभोलि
  (गजल सङ्ग्रह-२०५७)
- ग्यास च्याम्बरमा बुद्ध
  (रुबाई सङ्ग्रह-२०६१)
- बेश्यासँग बिताएको एक साँझ
  (कथा सङ्ग्रह-२०६४)

- सोच्दैछु म जीवनभर उधिएर के गर्नु छै !
  फेरि सोच्छु तिमीबिना सुधिएर के गर्नु छै !

- कलम कवि आवाज मरे लाटो के-का लागि
  हामी सबै मर्यौं भने माटो के-का लागि

- बतासको तालमा घुम्ने फिरफिरेको जातै अचम्म
  भागे खेद्ने खेदे भाग्ने खिरखिरेको जातै अचम्म

- उपेक्षित बिरुपाक्ष बाँचेको छु जहिलेदेखि
  तहिलेदेखि पशुपतिनाथले पनि बिझाउँछ

- जुनेलीको रात थियो सबले लेखे जूनका कुरा
  किन-किन मैले भने लेखिरहें उनका कुरा

**PHAGAT ! RITTO MANN**
*Price Rs. 100/-, US $ - 5*


ISBN : 978-99946-36-47-1


फगत ! रित्तो मन
प्रकाश आङदेम्बे